फोन नं. ०७८-५४०४१२
०७८-५४०४६४
Email : info.dcnawalpur@supremecourt.gov.np

# नवलपुर जिल्ला अदालत

कावासोती

पत्र संख्या ०७८।७९
च.नं. १५

मिति २०७८।०४।०३

## सूचना

नयाँ भेरिएन्टसहितको कोभिड-१९ को महामारीका कारणले निषेधाज्ञा जारी भएको अवस्थामा यस नवलपुर जिल्ला अदालतबाट प्रदान गरिने सेवाहरुका सम्बन्धमा यस अघि विविध मितिमा सूचना भएकोमा हदम्याद, म्याद तथा तारेखका सम्बन्धमा मिति २०७८।०४।०१ गतेबाट ३० दिन भित्र यस अदालतमा उपस्थित हुनुपर्ने भनी यस अदालतको मिति २०७८।०३।३१ को सूचनाबाट सूचित गरीएकोमा सम्मानित सर्वोच्च अदालतको मिति २०७८।०४।०१ को प्रेस विज्ञप्तीबाट जिल्ला अदालतहरुको हकमा मिति २०७८।१।१५ देखि २०७८।४।१४ सम्मको अवधिको हदम्याद, म्याद तथा तारेख थाम्ने थमाउने सम्बन्धमा मिति २०७८।४।१५ देखि लागु हुने गरी ३० दिनको समयावधि प्राप्त हुने गरी सुविधा प्रदान भएको हुँदा सोही बमोजिम हुने गरी हदम्याद, म्याद तथा तारेख थाम्ने थमाउने कार्य गर्न सकिने बेहोराको सूचना जारी गरीएको छ। तर यस्तो सुविधा पाउने अवस्थाका सेवाग्राही सो अवधिभन्दा अगावै सेवा लिन आएमा सेवा प्रदान गरिने छ। साथै सेवाग्राहीहरुले निम्न बमोजिम स्वास्थ्य सुरक्षा मापदण्डलाई अनिवार्य रुपमा पालना गरीदिनु हुन अनुरोध गरीन्छ।

<u>निम्न</u>

सेवाग्राहीले अदालत प्रवेश गर्दा अनिवार्य रुपमा मास्क प्रयोग गर्नुपर्नेछ।
प्रवेश द्वारमा रहेको साबुन पानीले हात धुने तथा सेनिटाइजर प्रयोग गर्ने।
सेवाग्राहीले सेवा लिंदा प्राथमिकताअनुसार क्रमशः पालैपालो गरी भिडभाड नहुने गरी सेवा लिनु पर्नेछ।
सेवाग्राहीहरुले अनिवार्य रुपमा सुरक्षाको मापदण्ड प्रयोग गरी सामाजिक दुरी कायम गर्नुपर्नेछ।

२०७८।४।३

महेन्द्र प्रसाद पौड्याल
श्रेस्तेदार (उपसचिव)

श्रेस्तेदार
(उप सचिव)